# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.
# First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको थोक लघुवित्त कर्जा प्रदायक लघु वित्त वित्तीय संस्था)

का.म.न.पा.-३० (साविक ३३), ज्ञानेश्वर, काठमाण्डौ, नेपाल ।
फोन नं. : ०१-४४२५३५८, ४४२५३६१, फ्याक्स नं. ०१-४४२७०४६
E-mail: info@fmdb.com.np, URL: www.fmdb.com.np

को

## संस्थापक समूहको शेयर बिक्री गर्ने बारेको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८१/१/३१ गते**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/२/७ गते**

**फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.**को संस्थापक समूहको प्रति शेयर रु.१००/- अंकित दरको जम्मा १,२०,००० कित्ता शेयर बिक्री गर्ने भएको हुंदा उक्त शेयरहरु खरीद गर्न इच्छुक योग्य जो कोही व्यक्ति, कम्पनी, संघ संस्थाहरुले **मिति २०८१ साल जेठ महिना ७ गते** भित्र **मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं**मा आइपुग्ने गरी प्रतिकित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी आवेदन पेश गर्न आह्वान गरिन्छ ।

**तपसिल**

**बिक्री गरिने संस्थापक शेयर : १,२०,००० कित्ता**

**शर्तहरुः**

१. आवेदन फाराम रु.१००/- भुक्तानी गरी मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।

३. शेयर खरीदको लागि आवेदन गर्दा न्यूनतम १५,००० (पन्ध्र हजार) कित्ता शेयरको लागि आवेदन दिनु पर्नेछ । सो भन्दा बढी शेयर खरीद गर्नका लागि बोलपत्र पेश गर्ने बोलपत्रदाताले १० अंकको गुणाङ्कमा अधिकतम १,२०,००० कित्ताको लागि आवेदन दिन सकिनेछ । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर संख्यामा आवेदन गर्न पाइने छैन ।

४. शेयरको न्युनतम मुल्य प्रति शेयर **रु.३१५/- (अक्षरेपी तीन सय पन्ध्र मात्र)** तोकिएको हुँदा सो वा सोभन्दा बढी मुल्य अंकित गरी आवेदन दिनु पर्नेछ ।

५. शिलबन्दी खाम बाहिर "**फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.को संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । शिलबन्दी आवेदन लाहाछाप गरिएको हुनु पर्नेछ ।

६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको धरौटी वापत जम्मा मूल्यको शत् प्रतिशत वरावरको रकम मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque संलग्न गरी आवेदन पेश गर्नु पर्नेछ । आवेदकले पेश गरेको Good for Payment Cheque लाई मुक्तिनाथ क्यापिटल लिमिटेडको बैंक खातामा जम्मा हुने गरि Clearing गर्ने व्यवस्था मिलाइने छ । साथै छनौटमा नपरेका आवेदकहरुको रकम फिर्ता भुक्तानी IPS मार्फत गर्ने व्यवस्था मिलाइने छ ।

७. बोलपत्र मार्फत बिक्री गरिने संस्थापक समूहको शेयर बाँडफाँट गर्दा पहिलो प्राथमिकता साविकका संस्थापक शेयरधनीहरुलाई दिइनेछ । त्यस पछि शेयर बाँकी रहेको अवस्थामा सबैभन्दा बढी बोलकबोल गर्ने योग्य बोलपत्रदाताहरुलाई बोलकबोलको मान्यताको आधारमा बिक्री गरिने छ ।

८. प्राप्त आवेदनहरु मध्ये छनौट भएका आवेदनहरु स्वीकृतिको लागि फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि. को संचालक समिति समक्ष पठाईनेछ र फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.को संचालक समिति मार्फत आवश्यक प्रकृया पुरा गरी नेपाल राष्ट्र बैंकको स्वीकृती लिनु पर्ने भएमा स्वीकृति लिई सोको जानकारी छनौट भएका आवेदकलाई गराईनेछ । यस्तो जानकारी आवेदकले उपलब्ध गराएको ठेगानामा हुलाक, कुरियर वा विद्युतिय संचार माध्यम मार्फत पठाईनेछ ।

९. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्व:घोषणा समेत पेश गर्नुपर्नेछ ।

१०. बोलपत्रदाताले एक वा एक भन्दा बढी बोलपत्र पेश गर्न सक्नेछ । सबैभन्दा बढी दर रेटमा खरिद माग गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी दर रेटमा खरिद माग गर्ने आवेदकलाई बिक्री गरिनेछ ।

११. इच्छुक लगानीकर्ताहरुले आवेदनमा हितग्राही खाता नं. र बैंक खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

१२. कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिईने छैन । म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर पनि कुनै कारवाही गरिने छैन ।

१३. आवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ । साथै उक्त संस्था नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयर खरिद गर्न योग्य हुनु पर्नेछ ।

१४. शेयरको आवेदन मिति २०८१/२/७ गते अपरान्ह ३:०० बजेभित्र मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा दर्ता भई सक्नु पर्नेछ ।

१५. मिति २०८१/२/८ गते बिहान ११:०० बजे मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा प्राप्त आवेदनहरु खोलिनेछ । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन बिहान १०:०० बजे खोलिनेछ ।

१६. बाँडफाँटमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ । कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन ।

१७. फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.को संचालक समितिबाट स्वीकृति भए पश्चात संस्थापक शेयर खरिद बिक्री गर्नको लागि तोकेको शेयर दलाल मार्फत कारोवार गरिनेछ । साथै शेयर नामसारी गर्दा खरीदकर्ताको तर्फबाट भुक्तानी गर्नु पर्ने सम्पूर्ण शुल्क समेत स्वयं खरीदकर्ताले भुक्तानी गर्नु पर्नेछ ।

**बिक्री प्रबन्धक:**


**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

**प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं**
**फोन नं. ४५४६१०८/०९/४५४६४७०**
**इमेल: info@muktinathcapital.com**
**वेभसाइट: www.muktinathcapital.com**